# नमोबुद्ध नगरपालिकाभित्र बालुवा प्रशोधन उद्योग संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०५/२३

**नमोबुद्ध नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

नमोबुद्ध नगरपालिकाभित्र बालुवा प्रशोधन उद्योग संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०८२

*प्रमाणिकरण मितिः २०८२/०५/२३*

<u>प्रस्तावनाः</u>

नमोबुद्ध नगरपालिका भित्रका नदी खोला तथा विभिन्न क्षेत्रहरुबाट उत्खनन् हुने बालुवाजन्य सामाग्रीको गुणस्तरीयता कायम गरी उत्खनन् कार्यलाई दिगो रुपमा व्यवस्थित गर्न र नदिनालाहरु तथा स्थानीय पर्यावरणको समेत दिगो संरक्षण गर्दै नदिजन्य सामाग्रीको अव्यवस्थित र अत्याधिक दोहन हुन नदिनका लागि नियन्त्रित रुपमा मात्र नदिखोलाबाट वालुवा प्रशोधन गर्ने गरि अनुमति दिन कानून निर्माण गर्न वान्छनीय भएकाले,

नेपालको संविधान, २०७२ को धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रम संख्या २१ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११, (२) (प) को ७ मा रहेको ढुङगा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नविकरण, खारेजी र व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्नको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरि नगरपालिकाले यो कार्यविधि बनाइएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यबिधिको नाम **"नमोबुद्ध नगरपालिकाभित्र बालुवा प्रशोधन उद्योग संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०८२"** रहनेछ ।

(२) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भए पछि तुरुन्त लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“कार्यबिधि”** भन्नाले “नमोबुद्ध नगरपालिकाभित्र बालुवा प्रशोधन उद्योग संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०८२” लाई बुझाउँनेछ।

(ख) **"नगरपालिका"** भन्नाले नमोबुद्ध नगरपालिका सम्झनु पर्छ।

(ग) **"नगर कार्यपालिका"** भन्नाले नमोबुद्ध नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ।

(घ) **"प्रमुख"** भन्नाले नमोबुद्ध नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(ङ) **"उपप्रमुख"** भन्नाले नमोबुद्ध नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नमोबुद्ध नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(छ) **“वडा कार्यालय”** भन्नाले नगर कार्यपालिका अन्तर्गतको वडा कार्यालयलाई सम्झनु पर्छ।

(ज) **“माटो र बालुवाजन्य पदार्थ”** भन्नाले उत्खनन, संकलन र प्रशोधन गर्न अनुमति भएको वर्षाद्को बाढीले बगाएर ल्याएको माटो तथा बालुवा, बगर लगायत अन्य क्षेत्रबाट संकलन र उत्खनन गर्दा निस्कने माटो बालुवा सम्झनुपर्छ।

(ज) **“अनुमति”** भन्नाले बालुवा प्रशोधनका लागि नमोबुद्ध नगरपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरेको अनुमति पत्र सम्झनुपर्छ ।

(झ) **“जोखिम पुर्ण अवस्था भएको स्थान”** भन्नाले नदि वा खोलाको दिशा परिवर्तन हुन सक्ने वा भौगलिक रुपमा कमजोर भुवनोट भएको स्थानलाई सम्झनु पर्छ। यस शव्दले खोला वा नदिका प्रशोधन स्थल नजिक घर वा गाउँ वा सडक भई बालुवा उत्खनन एंव प्रशोधन गर्दा त्यस्तो घर /गाउँ/सडकलाई प्रत्यक्ष असर पर्ने जाने देखिएकोमा त्यस्तो स्थानलाई समेत वुझाउँदछ ।

(ञ) **“प्रारम्भिक वातावरणीय परीक्षण”** भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षणलाई सम्झनुपर्छ।

(ट) **"प्रस्तावक"** भन्नाले बालुवा प्रशोधन उद्योग संचालन गर्न निवेदन दिने निवेदकलाई सम्झनुपर्छ।

## परिच्छेद २
## बालुवा प्रशोधन उद्योग संचालन

**३. बालुवा प्रशोधन उद्योग संचालनः**

१) नगरपालिका क्षेत्रभित्र बालुवा प्रशोधन उद्योग संचालनका लागि प्रस्तावकले यो कार्यविधि लागू भए पछि सम्बन्धित निकायबाट कम्पनी दर्ता लगायतको प्रमाणपत्र सहित उद्योग संचालन गर्न दर्ता र अनुमतिका लागि उद्योग संचालन गर्ने स्थानको जग्गाको लालपूर्जा वा जग्गा भाडामा लिएको सम्झौता पत्र लगायतका कागजात नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ । साथै उक्त निवेदन साथ प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण तयारीका लागि बालुवा प्रशोधन गर्ने स्थल, बालुवा तथा माटो उत्खनन र संकलन गर्ने क्षेत्र उल्लेख गरी अध्ययन प्रतिवेदन तयार गर्न आवश्यक पर्ने सम्बन्धित क्षेत्रका विज्ञहरुको विवरण सहितको प्रस्ताव पेश गर्नु पर्नेछ। उक्त प्रस्तावमा हिलो थेग्रने पोखरी र Treatment Plant राखी फोहर पानी ब्यवस्थापन गर्ने योजना र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी उद्योग संचालन गर्ने कार्ययोजना समेत पेश गर्नुपर्नेछ। यसरी पेश गरेको प्रस्ताव उपयुक्त लागेमा नगर कार्यपालिकाको कार्यालयले प्रस्ताव स्वीकृत गरी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी पेश गर्न अनुमति दिनेछ।

२) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा वातावरणीय परीक्षण प्रतिवेदन तयारीको प्रकृया प्रस्ताव स्वीकृत भए पश्चात् सम्बन्धित प्रस्तावकले विज्ञ सहितको टोली संलग्न राखी स्थलगत नापजाँच सहित उत्खनन् तथा संकलन गरिने स्थानहरुको नाम र परिमाण लगायतको यथार्थ विवरण तयार गर्नुपर्नेछ। यसरी तयार गरिएको प्रतिवेदनमा सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न राख्नु पर्नेछ। साथै उक्त अध्ययन प्रतिवेदनमा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु समेत समेटिएको हुनुपर्दछ।

३) वनक्षेत्रको जग्गामा, चुरेक्षेत्रमा वा भौगलिक रुपमा जोखिमपूर्ण स्थानमा प्रशोधन उद्योग संचालनको अनुमति दिईने छैन।

४) उपदफा २ बमोजिमका विवरण समेटिएको पूर्ण अध्ययन प्रतिवेदन स्वीकृतिका लागि नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद ३
## बालुवा प्रशोधन उद्योग दर्ता, अनुमति र नवीकरण

**४. बालुवा प्रशोधन उद्योग संचालनको दर्ता, अनुमति र नवीकरण सम्बन्धी व्यवस्थाः**

१) बालुवा प्रशोधन उद्योग संचालनको दर्ता र अनुमतिः दफा ३ बमोजिमको प्रक्रिया पूरा गरी उद्योग दर्ता र अनुमतिका लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेश गर्ने प्रस्तावकको प्रस्तावका सम्बन्धमा कार्यालयले अनुगमन समितिले स्थलगत निरीक्षण गरी उद्योग संचालन गर्न उपयुक्त हुने नहुने सम्बन्धी राय सहितको प्रतिवेदन पेश गर्न अनुमति दिनेछ। यसरी अनुमति प्राप्त भए पछि उक्त अनुगमन समितिले प्रस्तावकले प्रतिवेदनको पेश गरेको अध्ययन गरी स्थलगत निरीक्षण र जाँचबुझ समेत गरी सम्बन्धित सरोकारवाला निकाय र आवश्यकता अनुसार विज्ञको समेत राय लिई उद्योग संचालन गर्न उपयुक्त हुने नहुने सम्बन्धी राय सहितको प्रतिवेदन कार्यालय समक्ष पेश गर्नुपर्नेछ। यसरी प्राप्त प्रतिवेदन सहितका आधारमा प्रस्तावकको उद्योग संचालन सम्बन्धी प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा नगर कार्यपालिकाको निर्णयले प्रस्तावकले पेश वातावरणीय गरेको संक्षिप्त अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरी प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी उक्त बालुवा प्रशोधन उद्योग दर्ता गरी उक्त उद्योग संचालनको अनुमति दिन सक्नेछ। यसरी अनुमति दिँदा बढीमा ३ (तीन) वर्षको लागि बालुवा प्रशोधन उद्योग संचालन अनुमति दिन सक्नेछ।

२) बालुवा प्रशोधन उद्योग संचालनको नवीकरणः नगरपालिकामा दर्ता भई अनुमति लिएर संचालित बालुवा प्रशोधन उद्योगले प्रत्येक आर्थिक वर्ष सुरु भएको तीस दिन भित्र निवेदन दिई उक्त उद्योग नवीकरणका लागि पेश गर्नुपर्नेछ। पेश हुन आएको निवेदन र व्यहोरा उपयुक्त ठहरेमा कार्यालयको तर्फबाट उक्त उद्योग नविकरणको निस्सा उपलब्ध गराउनेछ। यस कार्यविधि लागू हुनु भन्दा अघि नगरपालिकाबाट कुनै किसिमको

अनुमति लिएर बालुवा प्रशोधन उद्योग संचालन भएको भए उक्त उद्योगले समेत यसै कार्यविधि बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गर्ने लगायतको प्रक्रिया पूरा गरी नवीकरण गर्नु पर्नेछ। तर सरकारी पर्ति जग्गा वन क्षेत्र लगायतका क्षेत्रमा उक्त उद्योग संचालन अनुमति दिइने छैन साथै नविकरणका लागि निवेदन पर्न आएमा प्रमुख प्रशासकिय अधिकृत आफैले वा सम्बन्धित विषयक्षेत्रको टोली खटाई उद्योगको स्थलगत अनुगमन गरी बालुवाको उपलब्धता, वातावरणीय प्रभाव जोखिमको अवस्था तथा प्रशोधन उद्योगले प्रचलित ऐन, कानुन पालना गरे नगरेको, स्वीकृत आई.ई.ई.ले तोकेको परिमाण भित्र रहि प्रशोधन गरे नगरेको तथा कर, राजस्व दाखिलाको स्थिति समेतको विश्लेषण गरी थप एक आर्थिक वर्षका लागि अनुमति पत्र नविकरण गर्न उपयुक्त भएमा प्रमुख प्रशासकिय अधिकृतले तोकिएको दस्तुर लिई नविकरण गरि दिनु पर्नेछ ।

३) यस दफा बमोजिम अनुमति पत्र निवकरण गर्दा वार्षिक रुपमा गर्नु पर्नेछ । तर हरेक २/२ वर्षमा वातवरणीय प्रभाव मूल्यांकन प्रतिवदेन र सामाजिक परिक्षण (Social Audit) प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

४) बालुवा प्रशोधन उद्योग संचालन गर्दा देहाय बमोजिमको सर्तहरु पालना गर्नु पर्नेछ।

(क) प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको अनुसरण गर्नुपर्नेछ।

(ख) Treatment Plant राखी फोहर पानी अनिवार्य रुपमा व्यवस्थापन गर्नुपर्नेछ।

(ग) वनक्षेत्रको जग्गामा रहेको नदिजन्य वालुवा उत्खनन प्रयोग गर्ने गरी वन क्षेत्र भन्दा वाहिर प्रशोधन उद्योग स्थापना गर्ने भए प्रारिम्भक वातावरणीय मुल्यांकन गर्नु पूर्व सम्बन्धित वन कार्यालयको सहमति पनि प्राप्त गर्नु पर्नेछ।

(घ) प्रत्येक २ वर्षमा प्रारम्भिक वातावरणीय परिक्षण गराउनु पर्नेछ।

(ङ) बालुवा प्रशोधन उद्योग संचालनका लागि प्रस्ताव पेश गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत भई दर्ताको प्रक्रिया अघि बढेमा प्रस्तावकले रु १ लाख नगद नगर कार्यपालिकाको कार्यालयमा धरौटी बुझाउनु पर्नेछ। त्यसैगरी उक्त उद्योग संचालन

दर्ता वापत रु ५०,०००, नवीकरण वापत रु ५०,००० र स्थानतरण गर्दा रकम रु २५,००० दस्तुर लाग्नेछ।

(च) वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी वा जनजीवन र जनस्वास्थ्यलाई खतरा हुने गरी काम गर्न पाइने छैन।

(छ) यस कार्यविधि बमोजिम अनुमति प्राप्त गरी संचालनमा रहेको प्रशोधन उद्योगले हरेक महिना प्रशोधनको विवरण गाउँपालिकामा बुझाउनु पर्नेछ। साथै हरेक वर्षको असार मसान्त भित्र वार्षिक उत्पादनको परिणाम तथा मौज्दात रहेको परिणामको विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ।

(ज) हाईटेन्सन लाईन, सडक किनारा, बस्ति, वन क्षेत्र, पुरातात्विक महत्वका सम्पदा वा पक्कीपुल छेउ लगायतका संवेदनशील क्षेत्रहरुमा प्रशोधन उद्योग संचालन गर्न वा त्यस्ता स्थानमा बालुवा उत्खनन् गरी प्रयोग गर्न पाईने छैन।

(झ) अनुमति प्राप्त क्षेत्र भन्दा बाहिर गई प्रशोधन गर्नु हुँदैन।

(ञ) बालुवा उत्खनन् गर्दा ठुला मेशिन प्रयोग गरी उत्खनन् गर्न पाईने छैन।

(ट) कार्यविधिबाट तोकिएको दुरी सम्बन्धी मापदण्ड वा अनुमति प्रदान गर्दाका बखतमा उल्लेख भएका शर्तहरुको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(ठ) प्रवेश वा निकासी नाकाको व्यवस्थापन, मर्मत सम्भार आफै गर्नुपर्नेछ।

(ड) समय समयमा यस नगरपालिकाले दिएको निर्देशन पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

(ढ) वार्षिक स्वीकृत परिणाम भन्दा बढी प्रशोधन गर्न पाइने छैन।

(ण) पानि बगिरहेको नदिको पिधबाट उत्खनन् गरी प्रशोधन गर्न पाइने छैन।

(त) वातावरणीय अध्ययन प्रतिवेदन र प्राविधिक प्रतिवेदनमा उल्लेख गरे भन्दा बढी गहिराईमा आएर उत्खनन् गरी प्रशोधन गर्न पाइने छैन।

(थ) स्थानीय रुपमा प्रदुषण फैलने गरी प्रशोधन गर्न पाइने छैन।

(द) अनुगमन समितिले दिएको निर्देशन पालना गर्नु पर्नेछ।

(ध) प्रचलित कानुनले निषेध गरेका काम कारबाही गर्न पाइने छैन।

**५. अनुमति पत्रको खारेजीः**

१) देहायको अवस्थामा गाउँपालिकाले वालुवा प्रशोधनका लागि प्रदान गरेको अनुमति खारेज गर्न सक्ने छ।

(क) झुट्टा विवरण पेश गरी अनुमति लिएको प्रमाणित भएमा,

(ख) म्याद भित्र नविकरण नभएमा,

(ग) यस कार्यविधिमा उल्लेख भएको शर्तहरुको पालना नगरेमा,

(घ) नियमानुसार तिर्नु वुझाउनु पर्ने कर, राजस्व नबुझाएमा,

(ङ) अनुगमन समिति को प्रतिवेदन का आधारमा कार्यपालिकाबाट खारेज गर्ने निर्णय भएमा।

२) उपदफा (१) वमोजिम अनुमति पत्रको खारेजी गर्न अगाडि नगरपालिकाले प्रशोधन उद्योगसँग स्पष्टिकरण माग गर्न उपयुक्त देखेमा समय तोकि स्पष्टिकरण सोध्न सक्नेछ। स्पष्टिकरण प्राप्त नभएमा वा चित्तवुझदो नभएमा नगरपालिकाले अनुमति पत्र खारेज गर्न सक्नेछ।

३) यसरी प्रशोधन उद्योग अनुमति खारेज भएको जानकारी पत्रद्धारा वा आधिकारिक सुचना प्रकाशित गरी गर्नु पर्नेछ।

**६. प्रशोधन उद्योगको ठाउँ सारी सम्बन्धमाः**

१) नदिखोलाको वहाव परिवर्तन भई वा अन्य कुनै कारणले भौगलिक जोखिम उत्पन्न भई उद्योग संचालनमा समस्या हुने देखि साविकको आई.ई.ई भएको क्षेत्र भन्दा अन्यन्त्र उद्योगको ठाउसारी गर्नु पर्ने भएमा पुनः आई.ई.ई गरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा निवदेन पेश गर्नु पर्नेछ।

२) ठाँउसारीका लागि निवदेन पर्न आएमा नगरपालिकाले सम्बन्धित प्राविधिक वा टोलिको सहयोगमा स्थलगत निरीक्षण गरी यस कार्यविधिमा उल्लेखित शर्तहरु पुरा हुने अवस्था देखिएमा तोकिएको दस्तुर लिई ठाउँसारी अनुमति दिन सक्नेछ।

३) तर यसरी ठाउसारीको स्वीकृत दिदा नयाँ प्रस्तावित क्षेत्रमा अर्को प्रशोधन उद्योग संचालनमा रहेको भए कम्तिमा १ किलो मिटर भन्दा टाढा र संचालित उद्योगका आई.ई.ई क्षेत्रमा भन्दा बाहिर पर्ने गरी मात्र अर्को उद्योग संचालन गर्ने गरी अनुमति दिनु पर्नेछ।

## परिच्छेद ३
## विविध

**७. अनुगमन समितिः**

१) नगर अनुगमन समितिले प्राविधिक सहित बालुवा प्रशोधन उद्योग संचालनबाट वातावरणमा प्रतिकूल प्रभाव परे नपरेको र उक्त उद्योग संचालकले दर्ता र अनुमतिका बखतका सर्तहरु पालना गरे नगरेको सम्बन्धमा नियमित रुपमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ।

२) संघीय सरकार वा प्रदेश सरकारवाट भएको अनुगमन सम्बन्धि व्यवस्थाका अतिक्ति वालुवा प्रशोधन उद्योगको बारेमा नगरस्तरीय अनुगमन समितले नै अनुगमन गर्नेछ।

३) उपदफा २ बमोजिम गठित समितिले नियमित रुपमा वा आकस्मिक रुपमा अनुगमन, निरीक्षण गर्न सक्नेछ। अनुगमनका क्रममा प्रशोधन उद्योग को सुधार वा व्यवस्थापनका लागि निर्देशन दिन सक्नेछ।

४) अनुगमन समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित उद्योगको दायित्व हुनेछ।

५) अनुगमनका क्रममा यस कार्यविधि वमोजिमका शर्तहरु पुरा नगरेको वा उल्लघन गरेको पाईएमा अनुगमन समितिले तत्काल स्पष्टिकरण सोध्न सक्नेछ। लगातार ३ पटक सम्म अनुगमन गर्दा पनि सुधार नभएको वा शर्तहरु पुरा नभएको वा उल्लघंन भईरहेको पाईएमा उद्योगको अनुमति खारेज गर्न कार्यपालिका समक्ष पेश गर्न सक्नेछ। यसरी अनुमति खारेज

गर्न कार्यपालिका समक्ष पेश गर्ने गरी पेश भएको अवस्थामा कार्यपालिकाबाट खारेज गर्ने गरि निर्णयार्थ भएमा प्रमुख प्रशासकिय अधिकृतले उक्त अनुमति पत्र रद्ध गरी सम्बन्धित उद्योग बन्द गर्न लगाउनु पर्नेछ।

**९. जरिवानाः**

१) यस कार्यविधि बमोजिम अनुमति लिई संचालित बालुवा प्रशोधन उद्योगले यस कार्यविधि र प्रचलित कानुन विपरितका काम गरेको पाईएमा उक्त उद्योगलाई रु. ५०,००० सम्म जरिवाना गर्न वा अनुमति रद्द गर्न सक्ने सम्मको अधिकार नगर प्रमुखलाई हुनेछ।

**१०. प्रचलित कानुन बमोजिम हुनेः**

१) नगरपालिका क्षेत्रभित्र बालुवा प्रशोधन उद्योग संचालनका सम्बन्धमा यस कार्यविधिमा परेका विषयहरु यसै बमोजिम र नपरेको हकमा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश र यस नगरपालिकाको) अनुसार हुनेछ।

**११. बाधा अड्काउ फुकाउने अधिकारः**

१) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**१२. संशोधन र खारेजीः**

१) यस कार्यविधिको आवश्यकतानुसार संशोधन र खारेजी नगर कार्यपालिकाले गर्नेछ।

## अनुसुची - १

बालुवा प्रशोधन उद्योग स्थापना र संचालन अनुमतिका लागि दिनु पर्ने दरखास्त ढाँचा
(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

श्री नगर प्रमुखज्यू,
नमोबुद्ध नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
बागमती प्रदेश, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक।

विषयः अनुमतिपत्र पाऊँ भन्ने बारे।

महोदय,

देहाय बमोजिमको बालुवा प्रशोधन उद्योग संचालन गर्न इच्छुक भएकोले मेरो/हाम्रो फर्म/कम्पनीलाई अनुमति पत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु/छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला।

१. फर्मको पूरा नामः
२. ठेगानाः
३. उद्योग संचालन गर्ने स्थानः
४. उद्देश्यः
५. पूँजीः
६. कारोबार गर्ने वस्तु तथा कामको विवरणः
७. संलग्न कागजातहरुः (फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, सम्बन्धित निकायमा कम्पनी, दर्ता गरेको कागजात, स्वीकृत आई.ई. प्रतिवेदन)

**दरखास्तवालाको नामः**
ठेगानाः
सहीः
नागरिकता नम्बरः
सम्पर्क नंः
मितिः

## अनुसुची २

बालुवा प्रशोधन उद्योगको नवीकरणका लागि दिनु पर्ने दरखास्त ढाँचा

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

श्री नगर प्रमुखज्यू,
नमोबुद्ध नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
बागमती प्रदेश, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक।

विषयः नवीकरण गरी पाऊँ भन्ने बारे।

महोदय,

देहाय बमोजिमको बालुवा प्रशोधन उद्योग संचालन गर्न त्यहाँ नगरपालिकामा दर्ता भई अनुमति लिएर संचालन भएको मेरो/हाम्रो फर्म/कम्पनीको यस चालु आ.व................मा नवीकरण गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु/छौं। लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला।

१. फर्मको पूरा नामः
२. ठेगानाः
३. उद्योग संचालन गर्ने स्थानः
४. उद्देश्यः
५. पूँजीः
६. कारोबार गर्ने वस्तु तथा कामको विवरणः
७. संलग्न कागजातहरुः (फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, सम्बन्धित निकायमा कम्पनी दर्ता गरेको कागजात, स्वीकृत आई.ई. प्रतिवेदन)

**दरखास्तवालाको नामः**
ठेगानाः
सहीः
नागरिकता नम्बरः
सम्पर्क नंः
मितिः

**अनुसुची ३**

बालुवा प्रशोधन उद्योग स्थापना र संचालन अनुमतिपत्रको ढाँचा

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

विषयः अनुमति पत्र ।

श्री..............................

....................................।

महाशय,

तपाईंको फर्म/कम्पनीले .......................सम्बन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नु भएको निवेदन र संलग्न कागजात उपर कारबाही हुँदा मिति...............................को निर्णयानुसार ...........................कार्य गर्ने गरी ३ (तीन) वर्षका लागि यो अनुमतिपत्र दिइएको छ। प्रचलित कानुन बमोजिम गर्नु गराउनु होला।

१. अनुमति प्राप्त गर्ने फर्मरकम्पनीको नामः
२. संचालकको नामः
३. ठेगानाः
४. फर्म/कम्पनी संचालन गर्ने स्थानः
५. चार किल्लाः

अनुमति पत्र प्रदान गर्नेको
नामः
पदः
दस्तखतः
मितिः

## अनुसुची ४

बालुवा प्रशोधन उद्योगको नवीकरणको ढाँचा

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

विषयः नवीकरण सम्बन्धमा ।

श्री..............................

...................................।

महाशय,

संलग्न तपाईंको फर्म/कम्पनीले .......................सम्बन्धी उद्योगको नवीकरण गरि पाऊँ भनी यस कार्यालयमा पेश गर्नु भएको निवेदन र कागजात मिति...............................को उपर कारबाही निर्णयानुसार हुँदा तपाईंको फर्म/कम्पनीको चालु आ.व................का लागि नवीकरण गरिएको छ। प्रचलित कानुनको पालना गरी कार्य गर्नु गराउनु होला।

१. अनुमति प्राप्त गर्ने फर्म÷कम्पनीको नामः
२. संचालकको नामः
३. ठेगानाः
४. फर्म/कम्पनी संचालन गर्ने स्थानः
५. चार किल्लाः

नवीकरण प्रदान गर्नेको

नामः

पदः

दस्तखतः

मितिः

## अनुसुची ५

अनुगमन समितिले स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्दा
आधार लिने चेक लिष्ट (दफा ७ सँग सम्बन्धित)

१. उत्खनन र संकलन गर्न अनुमति प्राप्त क्षेत्रबाट संकलन गरिने बालुवा माटोको स्रोतः
२. वर्षाद्को वाढीले बगाएर ल्याएको स्थलको बालुवा माटो संकलन गर्ने अवस्था रहे नरहेकोः
३. नगरपालिका लगायत निकायबाट अनुमति लिई पर्ति सरकारी बाहेकका क्षेत्रको माटो, बालुवा उत्खनन गरी संकलन गरी उद्योग संचालन गर्ने अवस्था रहे नरहेकोः
४. वस्ती तथा वन क्षेत्र नजिक उद्योग संचालनको अवस्था रहे नरहेकोः
५. फोहोर पानी संकलन गरी प्रशोधन गर्ने Treatment Plant राखी प्रदूषण नियन्त्रणका उपाय अवलम्बनको अवस्था र क्षेत्रफलः
६. सिधै नदी, सार्वजनिक जग्गा भएको क्षेत्रमा फोहोर पानी पठाउने व्यवस्थाः
७. ध्वनि प्रदूषणका लागि अत्याधुनिक मेसिन छ छैनः
८. अन्य उपाय भए सो उल्लेख गर्नेः
९. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ताः
१०. भ्याट/प्यान मा दर्ता भए नभएकोः
११. स्थानीय जनतालाई रोजगारी दिने अवस्था रहे नरहेकोः
१२. प्रशोधन उद्योगले नगरपालिका लगायत सरकारी निकायलाई कर तिर्ने प्रतिवद्धता जनाएको नजनाएकोः
१३. उद्योग संचालन सम्बन्धी विवरणः

जमिनको क्षेत्रफलः
कुल पुँजीः
चालु पूँजीः
भवनः
मेसिनरी औजारः
सार्वजनिक सडकको चौडाइः
अनुसूची/शर्त/प्रचलित कानुन अनुसारको मापदण्ड पालना विस्तृतमा उल्लेख गर्नेः

१४. उद्योगमा कार्यरत कामदारको विमाको व्यवस्था गर्ने प्रतिबद्धता जनाएको अवस्था रहे नरहेकोः

१५. उद्योग संचालकले उद्योग रहेको क्षेत्रमा समाज सेवाका काम गर्ने प्रतिबद्धता जनाएको नजनाएको:

१६. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण तयार भए नभएको:

१७. जमिन प्रयोग गर्ने आधार:

- उद्योगको नामको जग्गा भए सोको क्षेत्रफल:
- भाडामा लिएको भए: क्षेत्रफल र सम्झौता अवधि

१८. अनुगमन समितिको राय: